# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०६।०७ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सुर्खेत, साविक घुमखहरे गा. वि. स. वडा नं. ९ हाल गुर्भाकोट न.पा. वडा नं. १० स्थित लामिताले मोटर सिंचाई आयोजनाको उपभोक्ता समितिको अध्यक्ष लगायतले मोटर सिंचाईको लागि आएको रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा लामिताले मोटर (लिफ्ट) सिंचाई आयोजनाको लागि आ.व. २०६४/०६५ देखि २०६८/०६९ सम्म उक्त योजनामा खर्च भएको रु.४,३८,५००।– रकम कार्य सम्पन्न नगरी झुट्टा बिल भरपाई बनाई भुक्तानी लिने दिने कार्य गरी सिंचाईको कुलो निर्माणसमेत नगरी नगरे नभएको कामबापत भुक्तानी लिएबाट निम्न प्रतिवादीहरु उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

**(क) साविकको घुमखहरे गा.वि.स.का तत्कालीन गा.वि.स. सचिव खड्क बहादुर रोकाया**ले भएको कामको प्रगतिसमेतलाई मूल्यांकन गरेर मूल्यांकनका आधारमा पेश्की रकम फछ्यौंट गरेपछि मात्र थप रकम पेश्की दिनुपर्नेमा पेश्की फछ्यौंटतर्फ ध्यानै नदिई लापरवाहीपूर्ण कार्य गरी पटक-पटक रु.१,४८,५००।- उपभोक्ता समितिका अध्यक्ष टोप बहादुर घर्तीलाई पेश्की रकम भुक्तानी गरेको, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ को उपनियम (५) को खण्ड (ग), (ज) र (ट) र सम्झौताको शर्त विपरीतको कार्य गरी पुरानो पेश्की फछ्यौंट नगरी नयाँ पेश्की थप गरेको, उक्त योजना संचालनमा समेत नआई निजले गैरकानूनी रुपमा दिएको पेश्की रकम उपभोक्ता समितिबाट हिनामिना भएको देखिंदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर पुष्टि हुन आएकोले निज खडक बहादुर रोकायालाई सोही दफाले निर्दिष्ट गरेबमोजिम रु.१४८,५००।— (एक लाख पाँच हजार रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद सजाय र बिगो बमोजिम जरिवाना हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हानिनोक्सानी गरेको सरकारी रकमसमेत निजबाट असुल उपर हुन मागदावी लिइएको छ।

**(ख) साविकको घुमखहरे गा.वि.स.का तत्कालीन गा.वि.स. सचिव देवीलाल सुनार**ले उक्त योजनाको कार्य सम्पन्न नहुँदानहुँदै पनि झुट्टा कार्य सम्पन्न प्रतिवेदन एवं बिलको आधारमा सिंचाई योजना निर्माणमा निर्धारित गुणस्तरभन्दा कम गुणस्तरको निर्माण सामग्री प्रयोग भएकोमा निर्धारित गुणस्तरको हो भनी नापी किताब, मूल्यांकन बिल प्रमाणित गरेको, उक्त योजना हालसम्म पनि संचालनमा आएको नदेखिंदा निजले त्यस्तो निर्माण कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्डबमोजिम भएको हो भनी सदर गरी रु.४,३८,५००।- भुक्तानी दिइ हानिनोक्सानी पुऱ्याएको देखिंदा निज देवीलाल सुनारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ख), खण्ड (ग) र खण्ड (ङ) को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.४,३८,५००।-(चार लाख अठतीस हजार पाँच सय रुपैयाँ) कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ।

**(ग) साविकको घुमखहरे गा.वि.स.का तत्कालीन प्राविधिक सहायक खगेन्द्र प्रसाद उपाध्याय**ले आयोजनामा लाग्ने पाइपसमेत खरिद गरी ल्याई आयोजना स्थलमा पाइप बिछ्याउने काम सम्पन्न भएको भनी दोश्रो किस्ता रकम निकासाको लागि सिफारिस गरेको तथा योजनाको कार्य सम्पन्न नहुँदानहुँदै गलत नापी किताब, ठेक्कासम्बन्धी बिल, कार्यसम्पन्न प्रतिवेदन तयार गरी दिएकोमा सोही कागजात साविकको घुमखहरे गा.वि.स.मा पेश गरी भुक्तानी भई

रु.४,३८,५००।- हानिनोक्सानी हुन गएको देखिँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ख), खण्ड (ग) र खण्ड (ङ) को कसुर भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.४,३८,५००।- (चार लाख अठतीस हजार पाँच सय रुपैयाँ) कायम गरी कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर समेतको सजाय हुन साथै निजले भए गरेको कार्यको यथार्थ मूल्यांकन नगरी नभए नगरेको तथा पुरानो सामानलाई समेत नयाँ भनी देखाई सिंचाई योजना संचालनमा नआउँदै झुट्टा नापी किताब, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेकाले निजलाई उक्त कसुरमा ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिमको थप कैद र जरिवानाको सजाय हुनसमेत मागदाबी लिइएको छ।

**(घ) उपभोक्ता समितिका अध्यक्ष टोप बहादुर घर्ती भन्ने टोप बहादुर घर्तिमगर**ले मोटर (लिफ्ट) सिंचाई आयोजना/योजनामा उक्त कार्यको सुपरीवेक्षणको जिम्मा पाएका प्राविधिकलाई वास्तविक रुपमा फिल्डमा नभएको/नगरेको तथा पुरानो सामानहरुलाई नयाँ ल्याएको भनी नापी किताबमा चढाउन लगाई सामग्रीहरुको नक्कली बिल भरपाई तयार गरी उक्त कागजातहरु गैरकानूनी लाभ लिने बदनियतले योजना फरफारकको लागि साविकको घुमखहरे गा.वि.स.मा पेस गरेको तथा ती सामग्रीहरुसमेतबाट हालसम्म योजना संचालन हुन नसकी लाभग्राहीहरु लाभान्वित हुन नसकेकोबाट भुक्तानी लिएको रु.४,३८,५००।- हानी पुऱ्याएको देखिँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर भएकोले निजलाई ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो रु.४,३८,५००।- (चार लाख अठतीस हजार पाँच सय रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी